**मिति २०७६ चैत्र २० गतेका दिन शान्तिनगर गाउँपालिकाका अध्यक्ष श्री कमानसिंह डाँगी ज्यूको अध्यक्षता एवं कार्यपालिका सदस्य लगायत कर्मचारीसहितको उपस्थितिमा बैठक राखी निम्न निर्णय गरियो ।**

**प्रस्तावहरु:**

१. राहत वितरणको मापदण्ड सम्बन्धमा

**निर्णयहरु:**

१. माथि उल्लेखित प्रस्ताव नं १ मा छलफल गर्दा विश्वव्यापी माहामारी कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि लकडाउनको अवस्थामा लक्षित परिवारलाई राहत स्वरुप खाद्यान्न वितरणको लागि देहाएका मापदण्ड समेतका आधारमा लक्षित घर परिवार पहिचान गर्ने निर्णय गरियो ।

**देहाय:**

१. विदेश तथा स्वदेशमा रोजगारी भएका घर परिवार वाहेक अन्य क्षेत्रमा दैनिक ज्यालादारी गर्ने, खनजोत गर्ने, घर टहरा बनाउने, सडक निर्माण गर्ने लगायतका ज्यालादारी काम गर्ने कामदारको घरपरिवारलाई राहत उपलब्ध गराउने ।
२. कोभिड-१९ रोकथाम तथा नियन्त्रणको क्रममा भएको आवागमन निषेधबाट उत्पन्न परिस्थितिमा लक्षित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन २०७६ को बुंदा नं १४ बमोजिम राहत वितरण गर्ने ।
३. राहत वितरणको लागी खरिद गर्ने खाद्यान्न यस शान्तिनगर गाउँपालिकामा रहेको साउनेपानी कृषि सहकारी संस्थासँग सम्झौता गरी उक्त सहकारी मार्फत नेपाल खाद्यान्न संस्थानबाट खरिद गर्ने ।
४. विदेश तथा स्वदेशमा रोजगारी भएका भए तापनि लकडाउनको समयमा रोजगारमा समेत प्रभाव परि लकडाउनमा बसेका रोजगारवालाको परिवारलाई वडा अध्यक्षको सिफारिसमा राहत उपलव्ध गराउन सकिने ।
५. अन्य मापदण्ड र शर्त बन्देजका विषयमा कोभिड-१९ रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन निषेधबाट उत्पन्न परिस्थितिमा लक्षित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन २०७६ अनुसार गर्ने ।
६. १,२ र ३ नं वडाका पहाडी क्षेत्रका वस्तीहरुमा बाहेक न्यूनतम ५ कठ्ठा जग्गा भएको र दैनिक ज्यालादारी गरी जिविकोपार्जन गर्ने परिवारलाई विशेष प्राथमिकतामा राख्ने ।
७. कुनै लक्षित परिवार तथ्याङ्कमा छुट भई राहत नपाएको गुनासो गर्न आएमा सम्बन्धित वडा अध्यक्षको पहलमा समस्या समाधान गर्ने ।